# भैसी श्रोत केन्द्र निर्माण अनुदान कार्यविधि २०७६

**प्रस्तावना**

यस मकवानपुरगढि गाउपालिकालाइ दुधमा आत्मानिर्भर वनाइ यस गाउपालिकावाट भैसी श्रोत केन्द्रको रुपमा विकास यहाका जनतालाइ पशुपालन व्यवसायमा अग्रसर गराइ स्वरोजगारको रुपमा अगाडी वढाउने उद्देश्यका साथ भैसी ।त केन्द्र निर्माण गर्नको लागी हाललाइ पाडापाडी वितरण गर्ने निति तथा कार्यक्रम अनुसार गाउपालिकाले भैसी श्रोत केन्द्र स्थापना गर्ने किसानहरुलाइ सहज तरिकाले अनुदान रकम वितरण गर्न स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि मकवानपुरगढी गाउपालिकामा पशुपालन क्षेत्रका कृषकहरुको संख्या वृद्धी गरि पशुपालनमा आत्मानिर्भर हुने कार्य अगाडी वढाउने कार्य गर्न मकवानपुरगढी गाउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम मकवानपुरगढी गाउ कार्यापालिकाको मित २०७६ पौष २९ गते बसेको बैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्ररम्भः** १ यो कार्यविधिको नाम "दुध उत्पादनमा आधारित अनुदान वितरण कारयविधि २०७६" रहने छ ।

२ यो कार्यविधि मकवानपुरगढी गाउपालिकाको गाउ कार्यापालिकाको वैठकले पारित .गरेको मिति देखि लागु हुने छ ।

**२ यस ऐनमाः** परिभाषाः विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा .

क. "कार्यालय " भन्नाले यस मकवानपुरगढी गाउकार्यापालिकाको कार्यालय सम्झनु पर्छ ।

ख. "दुग्ध उत्पादन सहकारी संस्था" भन्नाले दुध संकलन प्रशोधन तथा वितरण गर्ने सहकारी संस्था सम्झनु पर्छ ।

ग. "गाउपालिका" भन्नाले मकवानपुरगढि गाउपालिकालाई जनाउने छ ।

घ. "कार्यपालिका" भन्नाले मकवानपुरगढि गाउकार्यपालिका सम्झनुपर्छ ।

ङ. "गाउ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा १ वमोजिमको गाउ सभा सम्झनु पर्छ ।

छ. "कार्यविधि" भन्नाले उन्नत जातको भैसी श्रोत केन्द्र निर्माण अनुदान कार्यविधि २०७६ सम्झनु पर्छ ।

च. "साझेदारी संस्था" भन्नाले भैसी पालन गर्ने कृषक/कृषक समुह सहकारी सम्झनु पर्छ ।

**३. उदेश्यः यस कार्यविधिको उदेश्य देहाय वमोजिम हुनेछ ।**

क. अनुदान वितरण नितिलाइ प्रकृया मुखि र परिमाणमुखि तर्फ लैजाने ।

ख. भैसी पालन क्षेत्रलाइ प्रतिस्पर्धात्मक वनाइ सो व्यवसायलाइ प्रतिष्ठित एवं दिगो व्यवसाय वनाउन प्रोत्साहन गर्ने ।

ग. अनुदान सहि दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्ने ।

मकवानपुरगढी गाउपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

घ.  साना कृषकहरुको समेत पशु उत्पादन संगठित वजारमा प्रवाह गर्ने ।

**४.  अनुगमन तथा मुल्याङ्कन समितिः**

१.  प्रस्ताव मुल्याङ्कन गरी स्वीकृतका लागी सिफारिस गर्न तपसिल वमोजिमको एक समिति गठन गरिने छ ।

| | |
|---|---|
| गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| लेखा अधिकृत | सदस्य |
| योजना तथा अनुगमन इकाइ प्रमुख | सदस्य |
| पशु शाखा प्रमुख | सदस्य सचिव |

२.  अनुगमन तथा मुल्याङ्कन समितिको काम कर्तव्य  र अधिकार देहाय वमोजिम हुनेछः

क.  मुल्याङ्कन समितिले मुल्याङ्कन तथा अन्य मापदण्ड तयार गरि प्रस्ताव स्वीकृतको लागी गाउ कार्यापालिकामा पेश गर्ने पर्नेछ ।

ख.मुल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड वमोजिम मुल्याङ्कन गरी स्वीकृतका लागी गाउपालिकामा पेश गर्ने ।

ग.गाउपालिका वाट दिइएको अनुदान रकम तथा  सहकारीले पेश गरेको विवरण वारे मासिक रुपमा नियमित रुपमा समितिले अनुगमन गर्ने र गाउ कार्यपालिकामा  मासिक रुपमा प्रतिवेदन पेश गर्नु पर्ने छ ।

घ.  मुल्याङ्कन तथा अनुगमन समितिको अनुगमन वापत ७०० र वैठक भत्ता वापत प्रति वैठक १२००का दरले वैठक भत्ता उपलव्ध गराइने छ ।

५.  कार्यक्रम संचालनः यो कार्यक्रम मकवानपुरगढी गाउपालिका भित्रका कृषक समुह/कृषक/ कृषि सहकारी तथा कृषि फर्म मार्फत संचालन गरिने छ।

क. कार्यक्रम संचालनको लागी गाउपालिकावाट प्रस्तावना अनुसार रकम व्यवस्था गरिने छ ।

ख . कार्यक्रम स्वीकृत भइ संचालन गर्नेले व्यक्ती भएमा फर्म दर्ता गर्नु पर्ने छ ।

ग. पहिलो चरणमा किनिएको पाडा पाडीलाइ भैसी तथा रागो वनाइ व्यवस्थीत श्रोत केन्द्रको रुपमा पुराउनु पर्ने छ ।

घ. गोठ साझेदारी संस्थाले वनाउनु पर्नेछ ।

**६.  प्रस्ताव आह्यावः** गारउपालिवाट कार्यक्रम संचालनको लागी १ महिने अनुसुचि १ वमोजिम  वमोजिम सार्वजनिक सुचना प्रकाशन गरिने छ ।

**७.प्रस्ताव दर्ताः** दफा ५ वमोजिम समय अवधि भित्र अनुसुची २ वमोजिमको ढाचामा आवेदन एवम कागजातहरु र अनुसुची ३ वमोजिमको ढाचामा कार्ययोजना तयार गरि वडँ कार्यालयको सिफँरिस सहित गारउकार्यापालिकाको कार्यालयमा प्रसताव दर्ता गर्नु पर्ने छ ।

**८.  प्रस्ताव संकलनः** आवेदन दर्ता गर्ने समय अवधि समाप्त भएपछी पशु शाखाले आवेदन संकलन गरि गाउपालिकामा पेश गर्नु पर्नेछ ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**९. प्रस्ताव मुल्याङ्कनः** दफा ४ वमोजिम गठित मुल्याङ्कन तथा अनुगमन समितिले मुल्याङ्कन फारम अनुसार प्रस्तावहरु मुल्याङ्कन गरी आवेदक दुग्ध उत्पादक सहकारी संस्थाहरुले प्राप्त गरेको प्राप्ताङ्लाइ सिलसिलेवार क्रमश कम्पाइल गरी गाउ कार्यापालिकामा स्वीकृतको लागी सिफारिस गर्नेछ ।

**१०.प्रस्तावको जानकारीः** स्वीकृत भएका प्रस्तावहरुको जानकारी सम्वन्धीत गाउपालिकाको निर्णय भएको मितिले ७ दिन भित्र दिनु पर्नेछ ।

**११. सम्झौताः** १. छनौट भएका कृषक/फर्म/समुह/सहकारी तथा संस्थाहरु संग उनिहरुले पेश गरेको कार्य योजना अनुसार सहित सम्झौता गर्न आउने १५ दिनको समयावधि दिइ गाउपालिकाले जानकारी गराउनु पर्नेछ ।

२.उपदफा १ वमोजिमको समयभित्र सम्झौता गर्न आउने सहकारी संस्थासंग गाउपालिकाले अनुसुचि ३ वमोजिम सम्झौता गरिदिनु पर्नेछ ।

३. उपदफा १ वमोजिमको समयभित्र सम्झौता गर्न नआउने सहकारी संस्था स्वत छनौट रद्द भएको मानिनेछ ।

१२. यस कार्यक्रममा गाउपालिकावाट भैसी पालन कृषकहरु संख्यात्मक तथा गुणात्मक वृद्धीको लागी पशुपालन कृषकहरुलाइ प्रोत्साहन स्वरुप अनुदान वितरण गरिने छ ।

**१२. प्रगति पठाउने प्रकृयाः** १.मासिक रुपमा कार्य योजना अनुसारको प्रतिवेदन मासिक रुपमाप्रगति प्रतिवेदन गाउपालिकाको पशु शाखामा पेश गर्नु पर्नेछ ।

**१३. कार्यक्रमको प्रभावकारीताः** कार्यक्रमलाइ प्रभावकारी र व्यवस्थित वनाउन अन्य संघिय तथा प्रदेश सरकारवाट कार्यावन्यन हुने आयोजनाहरुसंग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरि एकिकृत रुपमा कार्यक्रम संचालन गर्न सकिने छ ।

**१४.संशोधनः** यो कार्यविधि कार्यावन्यन सम्वन्धी वाधा अडचन गाउपालिकाले फुकाउने छ ।

**१५. वचाउः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्य कुरामा प्रचलित कानुन वमोजिम हुनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची १

## उन्नत जातका भैसीको पाडा पाडी खरिद तथा प्रर्बद्धन कार्यक्रम संचालनको लागि

## संक्षिप्त व्यवसायीक कार्ययोजना आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- ......................

आ.व०७६श्र०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत जातका पाडा पाडी खरिद तथा प्रर्वद्धन कार्यक्रमको माध्यमवाट स्वरोजगार सृजना गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक /समुह/फर्म/ सहकारीवाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावक समुह/सहकारीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्ताव गाउँपालिकाको पशु विकास शाखामा दर्ता गर्नु हुन यो सूचना जारी गरिएको छ।

तपसिल

१. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. कृषक/समुह/सहकारीमा आवद्ध सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, अनुभव, जग्गा भडा सम्झौता पत्र, जग्गाधनी पुर्जाको प्रतिलिपि अथवा सार्वजनिक जग्गा/भोगचलनको सिफारीस )

४. समुह सम्बन्धीत निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

५. साविकमा यस शीर्षक सँग मिल्दोजुल्दो अनुदान प्राप्त नगरेको

अनुसूची २ (दफा ८ सँग सम्बन्धीत) उन्नत जातका पाडा पाडीखरिद तथा प्रर्बद्धन कार्यक्रम संचालनको प्रस्तावना पत्र पेश गर्ने आवेदन पत्र

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

मिति :- ...........................

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

श्री प्रमुख प्रशासकीय अधिकृत,

मकवानपुरगढी गाउँपालिकाको कार्यालय, मकान्चुली, मकवानपुर ।

**विषय :- उन्नत जातका पाडा पाडी खरिद तथा प्रर्बद्धन कार्यक्रममा लागत सभ्फेदारी गर्ने वारे ।**

महोदय, हामीलाई उन्नत जातका पाडा पाडीखरिद तथा प्रर्वद्धन कार्यक्रम संचालन गर्न अनुदान प्राप्त गरी कार्यक्रम संचालन गर्ने तिब्र इच्छा भएकोले निम्नानुसारका कागजात राखि निवेदन गरेका छौं । हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धीत गाउँपालिका भित्र रहि कार्य गर्ने छौ भनि यो संक्षिप्त प्रस्तावना पत्र र आवश्यक कागजातहरु संलग्न गरि यो निवेदन गरिएको व्यहोरा अनुरोध छ । तपसिल

१. अनुसूची ३ अनुसारको संक्षिप्त व्यवसायीक कार्ययोजना

२. समुह ⁄ सहकारीमा आवद्ध सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, अनुभव, जग्गा भाडा सम्भ्फौता पत्र, जग्गाधनी पुर्जाको प्रतिलिपि आदी)

४. समुह सम्बन्धीत निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

निवेदकको

नाम :-

दस्तखत :-

पद :-

समुह ⁄ सहकारी :-

ठेगाना :-

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची २

## उन्नत पाडा पाडी खरिद तथा प्रर्बद्धन कार्यक्रमको संक्षिप्त प्रस्तावना पत्र

१. व्यवसायीक समुह/सहकारीको नाम :-

सम्पर्क नं. :-

२. ठेगाना :- ..................गाउँ/टोल .......नं. वडा गाईपालन गरिने स्थान ................

३. उन्नत जातका पाडा पाडीखरिद तथा प्रर्बद्धन कार्यक्रममा संचालन गरिने कार्य विवरण :

१ गोठ निर्माण (गोठ निर्माण गर्दा भुई पक्की नाली वनाई मुत्र संकलन १० फिट पर कच्ची गोवर पिट, घाँस राख्ने ठाउँ समेत)

२ पाडा पाडी खरिद (उन्नत नश्लको )

३ घाँस खेती व्यवस्थापन (भुई तथा डाले घाँस)

४ ढुवानी जम्मा

४. पाडा पाडीपालन सम्बन्धी कार्य गर्ने व्यवसायीले उल्लेखित अनुदान रकम अनुसारको रकम संक्षिप्त प्रस्तावना पत्रमा समावेश गर्नु पर्नेछ ।

५. व्यवसायको संक्षिप्त परिचय वा गाईपालन पद्धति :

६. घाँस खेती गरेको/गरिने क्षेत्रफल :

७. डाले घाँसको किसिम र संख्या :

८. व्यवसायको लागि श्रमको व्यवस्थापन :

(क) समुह/सहकारीका सदस्य : महिला : पुरुष :

(ख) बाहिरबाट : महिला : पुरुष :

९. उत्पादित वस्तुको बजार :

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

१०. अपेक्षित बार्षिक प्रतिफल :

साझेदार संस्थाको तर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

औंठाको छाप : दायाँ बाँया

**अनुसूची ३**

**सम्झौता-पत्र**

मकवानपुरगढी गाउँपालिका (यसपछी प्रथम पक्ष भनिएको) र ................................................................ (यसपछी दोस्रो पक्ष भनिएको) उन्नत जातका पाडा पाडी खरिद तथा प्रर्बद्धन कार्यक्रम संचालनको लागि देहाय बमोजिम शर्तको अधिनमा रही तोकिएको शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ ।

शर्तहरु

१. प्रस्तावित उन्नत जातका पाडा पाडीखरिद तथा प्रर्बद्धन कार्यक्रम सिन्धुली जिल्ला मरिण गाउँपालिका ... नं. वडा .....................................टोलको .....................................भन्ने ठाउँमा मिति ...............................सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रस्तावना पत्रमा पेश भए अनुसारको कार्य भएको हुनुपर्नेछ ।

३. अन्तीम भुक्तानी लिन आउदा आवश्यक विल भर्पाई, कार्यक्रमको माइन्युट, कार्यक्रमको फोटो र वडा कार्यालयको सिफारिस आदी आवश्यक कागजात पेश हुनुपर्ने ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

४. सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध स्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी दोस्रो पक्षवाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

५. दोस्रो पक्षले कार्यक्रम सन्चालन गर्दा प्रथम पक्षलाई जानकारी दिएर मात्र कार्यक्रम सन्चालन गर्नुपर्नेछ ।

६. प्रथम पक्षले उक्त कार्यक्रमहरुमा खर्च भएको रकम दोस्रो पक्षले पेश भरेको विल भर्पाई आधारमा रु ................................................ सम्म उपलब्ध गराउने छ । नियम अनुसार लाग्ने कर दोस्रो पक्षले व्यहोर्नु पर्ने छ ।

७. प्रस्तावित कार्यक्रम स्थल सम्झौता मुताविकको भन्दा अन्यन्त्र सारिने छैन, तथापी काबु वाहिरको अवस्थामा स्थान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकतृ अनिवार्य रुपमा लिनु पर्नेछ ।

८. प्रस्तावित कार्यक्रम संचालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित वोर्ड राख्ने कार्य दोस्रो पक्षले अनिवार्य रुपमा गर्नेछ ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१०. अनुदानमा खरिद गरिएको पाडा पाडीर जन्मेका वाच्छी ३ बर्ष सम्म बेच्न पाईने छैन । ११. साझेदार संस्थाले आफ्नो व्यवसाय को वीमा अनिवार्य गर्नु पर्नेछ । १

२. उत्पादित बस्तु (दुध) बजारिकरणको व्यवस्था प्रथम पक्षले गर्नेछ । अन्यन्त्र विक्रि वितरण गर्नु पर्ने भएमा प्रथम पक्षको स्वीकतृी लिएर मात्र गर्नुपर्नेछ ।

| दोस्रो पक्ष को तर्फवाट : | पहिलो पक्षको तर्फवाट : |
|---|---|
| हस्ताक्षर : ......................................... | हस्ताक्षर : ................................. |
| नाम : | नाम : |
| पद : | पद : |
| समुह/सहकारीको छाप : | कार्यालयको छाप : |
| साक्षी | साक्षी |
| हस्ताक्षर : .............................. | हस्ताक्षर : ............................................ |

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

नाम :                                                      नाम :

अनुसुचि ४

## दुग्ध उत्पादक सहकारी संस्थाले दिने आवेदन पत्रको ढाचा

मितिः

मकवानपुरगढी गाउपालिका
गाउकार्यापालिकाको कार्यालय
मक्रानचुली ।

**विषयः कार्यक्रममा सहभागी हुन पाउ ।**

प्रस्तुत विषयमा मिति................ मा प्रकाशित सुचना अनुसार यस दुग्ध उत्पादन सहकारी संस्था लिमिटेडको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागि हुने चाहना भएकोले सो प्रयोजनका लागी तपसिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौ ।

तपसिल

१. कुल सदस्य संख्याः
२. कुल सदस्य मध्ये दुध उत्पादक सदस्य संख्याः
३. गत वर्ष कुल संकलन लि औषत दैनिक.....लिमासिक....लि र वार्षिक....लि
४.गत वर्ष दुधको कारोवार गरेको दिन.............
५. गत वर्ष कुल अधिकतम दुध संकलन...................
६. गत वर्ष कुल न्युनतम दुध संकलन.............
७. संस्थावाट संकलित दुध विक्रि गरिने संस्था
क........................
ख.....................
ग................
८. दुध विक्रि गरेको प्रमाण सम्वन्धी कागजात
९. वार्षिक साधारण सभा भएको गत वर्षकोप्रमाण
१०. रेकर्ड राख्न कम्प्युटको प्रयोग भएको/नभएको
११.दरधको गुणस्तर परिक्षण गरि रेकर्ड राखि/जानकारी दिने गरेको/नगरेको

मकवानपुरगढी गाउपालिका गाउँ कार्यपालिकाको कार्यालय मकान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

१२. मिल्क एनालाइजरको प्रयोग भएको/नभएको
१३. सहकारी दर्ता/नविकरणको प्रमाणपत्र
१४. कृषकलाइ अनुदान रकम वितरण गर्ने मापदण्ड
१५. कर चुक्ता प्रमाण पत्र

आवेदकः
पदाधिकारिको नाम थर
पदः
दस्तखतः
सम्पर्क नम्वर
सहकारी संस्थाको नाम
सहकारिको छाप

**अनुसुचि ५**

गाउ कार्यापलिका कार्यालय र दुग्ध सहकारी संस्था विच हुने सम्झौता पत्रको ढाचा

मकवानपुरगढी गाउपालिका यस पछी प्रथम पक्ष भनिने र दुग्ध उत्पादन सहकारी संस्था.......................यस पछी दोश्रो पक्ष भनिने विच दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गरि यो दिइपक्षीय सम्झौता गरिएको छ ।

१. स्वीकृत भए अनुसारको अनुदान रकम दोश्रो पक्षलाइ पहिलो पक्षले वैक खातामा जम्मा गरि दिनेछ ।

२. दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाइ नियमित रुपमा पशु खोप लगाउने परिजिवि नियन्त्रीत गर्ने र औषधी उपचार गरि रहेको अवस्थाको अखाध्य दुध विक्रि वितरणमा रोक लगाउने व्यवस्था मिलाउने तथा तोकिए अनुसारको सफा दुधको उत्पादन ढुवानी लगाएतका कार्यहरु गराउनु पर्नेछ ।

३. दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले विक्रि गर्ने स्थान सफा स्वास्थ्य र गुणस्तर युक्त दुधको कारोवारको पुर्ण व्यवस्था गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरुलाइ छनदटको मापदण्ड वनाइ मापदण्ड पुरा गरेका कृषकहरुलाइ अनुदान वितरण गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले यो सम्झौताककककककका कार्य नगरेमा वा उपलव्ध श्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एक तर्फी रुपमा सम्झौता गरि प्रचलित कानुन वमोजिम अनुदान रकम असुल गर्न सक्नेछ ।

६. यस सम्जौतामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानुन वमोजिम हुनेछ ।

**दोश्रो पक्ष**
दस्तखतः
नामः
पदः

**प्रथम पक्ष**
दस्तखतः
नामः

पदः

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

संस्थाः　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　कार्यालयः

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत